# मधेश प्रदेश सरकार
# गृह, सञ्चार तथा कानुन मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

## आम सञ्चार प्राधिकरण सदस्य पदको नियुक्ति सम्बन्धी सूचना
## सूचना नं. ०४/२०८१/०८२
## पहिलो पटक सूचना प्रकाशित मितिः- २०८१।११।२१

यस मन्त्रालयले प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ र प्रदेश सञ्चार नियमावली, २०७७ को नियम ३५ अनुसार तपशिल बमोजिमको पदमा नियुक्तिको लागि आवेदन दिन सूचना आह्वान गरिएको छ।

<u>तपशिलः</u>

१. विषयगत विवरणः-

| क्र.सं. | संगठनको नाम | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १. | आम सञ्चार प्राधिकरण, मधेश प्रदेश | सदस्य | २ (दुई) जना सदस्य | (क) नेपाली नागरिक,<br>(ख) पैतिस वर्ष उमेर पुरा भई साठी वर्ष ननाघेको,<br>(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरेको र पत्रकारिता क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको वा पत्रकारिता क्षेत्रमा कम्तिमा २० वर्ष अनुभव प्राप्त गरेको,<br>(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,<br>(ङ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(च) उच्च नैतिक चरित्र भएको। |

२. **छनौटको आधारः-** प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ र प्रदेश सञ्चार नियमावली, २०७७ बमोजिम मन्त्रालयले नियुक्त गर्नेछ।

३. **आवेदन दिने स्थानः-** गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

४. प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को दफा ७ बमोजिम आवश्यक योग्यताको कागजातसहित निवेदन दिनुपर्ने छ।

५. **आवेदन दिने अन्तिम मितिः-** सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र, तर अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा आवेदन दिन सकिनेछ।

२०८१।११।२१

रंजीता साह

उप-सचिव